# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०२, संख्या १२, मकवानपुर, पुष ०५ गते, २०७५ साल

## भाग २

### राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व (नदीजन्य पदार्थको) सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५

संवत् २०७५ सालको कार्यविधि नं. २३

# राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक राजस्व (नदीजन्य पदार्थको) सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची-८ मा वर्गीकरण गरिएको क्र.सं. १ देखि २२ सम्मको क्षेत्राधिकारहरुबाट प्राकृतिक स्रोत माथिको अधिकार स्थानीय तहलाई प्राप्त भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को स्थानीय कर, सेवा शुल्क तथा दस्तुर शीर्षकको शीर्षक नं. (६) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन, उपदफा (२)(छ) को स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन शीर्षकको शीर्षक नं. (४) मा सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन, उपदफा (२) (प) को जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण शीर्षकको शीर्षक नं. (७) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनमा दिएको अधिकारलाई कार्यान्वयन गर्ने सन्दर्भमा राक्सिराङ्ग गाउँपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७५ पौष ५ गते बसेको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्विकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नामः "राक्सिराङ्ग गाउँपालिकाको नदीजन्य पदार्थको सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

१.२. यो कार्यविधि राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ "कार्यविधि" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको नदिजन्य पदार्थको सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२.२ "मन्त्रालय" भन्नाले संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयलाई जनाउने छ ।

२.३ "जिल्ला अनुगमन समिति" भन्नाले मकवानपुर जिल्लाको जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिलाई जनाउने छ ।

२.४ "गाउँ अनुगमन समिति" भन्नाले गाउँपालिका अध्यक्षतामा रहेको अनुगमन समितिलाई जनाउने छ ।

२.५ "जिसस" भनान्ले जिल्ला समन्वय समिति मकवानपुरलाई जनाउने छ ।

२.६ "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुरलाई जनाउनेछ ।

२.७ "नदिजन्य पदार्थ "भन्नाले संकलन/उत्खनन गर्न अनुमती भएको नदि वगर क्षेत्रको संकलन/उत्खनन गर्दा निस्कने रोडा ढुङगा

गिट्टी वालुवा मिस्कट पागो भष्कट र माटो समेतलाई जनाउने छ।

२.८ "IEE" भनान्ले नदिजन्य पदार्थ संकलन/उत्खनन तथा वसार पसार गरी नदी प्रणालीको व्यवस्थापन गर्ने प्रयोजनको लागि तोकिएको निकाय द्वारा स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनलाई जनाउने छ ।

२.९ "घाटगद्दी "भन्नाले तोकिएको नदि वा खोलाबाट नदिजन्य पदार्थ उत्खनन गरेर ल्याइ राख्ने स्थल वा यस कार्यविधिको दफा ६.१ र ६.२ मा उल्लेख गरिएको उत्खनन स्थल समेतलाई जनाउने छ ।

२.१० "प्राविधिक समिति" भन्नाले TOR सहित समय समयमा खटिने प्राविधिक समितिलाई वुझ्नु पर्नेछ ।

## ३. दर्ता, नवीकरण, नामसारी, उत्खनन् तथा निकासी सम्बन्धी व्यवस्थाः

नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका क्रसर उद्योग तथा बालुवा प्रशोधनसंग सम्बन्धित उद्योगहरु नवीकरण गर्न सकिनेछ । साविकमा सम्बन्धित निकायबाट अद्यावधिक भई सञ्चालनमा रहेका उद्योगहरुको हकमा सोको अभिलेख एवं अद्यावधिक गर्ने कार्य यस कार्यालयबाट गरिनेछ । उद्योगहरुको दर्ता, नवीकरण, अनुमति तथा नामसारी शुल्क अनुसूची-१ मा उल्लेख भए अनुसार हुनेछ । दर्ता, नवीकरण, अनुमति तथा नामासारी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस पेस गर्नु पर्नेछ ।

(क) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, बिक्रीका लागि गाउँपालिकाबाट अनुमति प्राप्त गर्नुपर्नेछ ।

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त पत्र बमोजिम भएको IEE र EIA गरिएका क्षेत्रभित्र मात्र सीमित रही उत्खनन्, सङ्कलन, निकासी तथा बिक्री गर्नु पर्नेछ । यस कार्यालयले तत्क्षेत्रमा IEE र EIA सम्पन्न गराएको अवस्थामा सो समेतलाई गाउँ कार्यपालिकाको निर्णय र आदेशानुसार कार्यान्वयन गर्नु पर्नेछ । IEE र EIA गरेको क्षेत्र बाहेक अन्य स्थानमा उत्खनन् गर्न यन्त्र उपकरणको प्रयोग गर्न पाइनेछैन । तर गाउँपालिकाको अनुगमन समिति/विपद् व्यवस्थापन समितिको निर्णय र आदेश बमोजिम जोखिमयुक्त स्थानको व्यवस्थापन गर्न सो कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) गाउँपालिकाको देहाय बमोजिमको प्राविधिक समितिले नदीजन्य पदार्थको प्रकृति, किसिम, परिमाण, स्थान र निश्चित चौहद्दी एकिन गरी सिफारिस गरे बमोजिम सो परिमाणको राजस्व आम्दानी गर्न गाउँपालिकाले प्रचलित कानून बमोजिम प्रतिस्पर्धा गराई सर्वैभन्दा बढी कवोल गर्ने व्यक्ति, फर्म वा कम्पनीसंग सम्झौता गर्नेछ । सम्झौता गर्ने पक्षले सम्झौता बमोजिम कार्य नगरेर संघिय सरकार, प्रदेश सरकार तथा गाउँपालिकालाई शुल्क वा राजस्व हानी नोक्सानी हुने अवस्था आएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

गाउँपालिकाको प्राविधिक समिति देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (१) | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत | संयोजक |
| (२) | प्राविधिक शाखा इन्जिनियर १ जना | सदस्य |
| (३) | योजना शाखा प्रमुख १ जना | सदस्य |

(४) जिल्ला प्रशासन कार्यालय वा कुनै सरकारी कार्यालयको प्रतिनिधि १ जना — सदस्य

(५) सम्वन्धित वडाको अध्यक्षले तोकेको प्रतिनिधि/कर्मचारी/गाउँ सदस्य सहित २ जना — सदस्य

(६) गाउँ स्तरीय सुरक्षा प्रमुख १ जना — सदस्य

(७) राजस्व शाखाको प्रमुख — सदस्य-सचिव

उपरोक्त समितिले तोकेको परिमाण कवोल गर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनीले घाटगद्दी गरी बिक्री गर्नुपर्नेछ । सो अनुसार भएको खरिद, बिक्री वा निकासी खाता राखी अभिलेख जनाउनु पर्नेछ । अनुगमन समितिले अनुगमनको क्रममा माग भएमा उक्त खातापाताहरु सम्झौता गर्ने फर्म वा संस्था वा कम्पनीले अनुगमनकर्ताहरुलाई देखाउनु पर्नेछ । नदीजन्य पदार्थहरुको ठेक्कापट्टा सम्वन्धी कानुन अभाव वा अन्य विशेष परिस्थिति भई व्यवस्थापन हुन नसकेमा एक पटकमा बढीमा ३ महिनाका लागि सङ्क्रमणकालीन व्यवस्थापन गर्न गाउँपालिकाका कर्मचारीबाट खटन पटन गरी बिक्री वितरण गरी राजस्व सङ्कलन गर्नेछ । स्थानीय सरोकारवाला र सम्वन्धित समितिका सदस्यहरु एवं वडाका जनप्रतिनिधिहरुको आवश्यक सहयोगबाट निर्णय कार्यान्वयनमा अवरोध हुने अवस्था भएमा गाउँपालिकाले एक पटक वडाका प्रतिनिधि बोलाई छलफल गरी गाउँपालिका अध्यक्षले अन्तिम निर्णय दिए बमोजिम व्यवस्थापन हुनेछ । ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थका लागि कानुन बमोजिम सम्झौता गर्ने फर्म वा कम्पनीको सम्झौता पत्र र उल्लेखित सर्तहरु अनुसूची-३ बमोजिम हुनेछ ।

(घ) गाउँपालिका भित्र आन्तरिक खपत एवं गाउँपालिकाको क्षेत्रभन्दा बाहिर निकासी गर्नका लागि गाउँपालिकासंग पूर्व अनुमति लिनु पर्नेछ । अनुमति बिना गरिएको उत्खनन्, सङ्कलन र निकासी समेतलाई अवैध मानिनेछ । सो कार्यलाई नियन्त्रण गर्न प्रहरी/प्रशासन समेतको सहयोग लिईने छ ।

(ङ) प्रचलित नेपाल कानून र यस कार्यविधि बमोजिम त्यस्ता नदीजन्य पदार्थ सम्बन्धी व्यवसायिक उद्योगहरुको दर्ता, नवीकरण, नामसारी लगायत उत्खनन् एवम् निकासी सम्बन्धी कामका लागि अनुमति प्रदान गर्न देहाय बमोजिम इकाइ गठन गरिनेछ ।

| | |
|---|---|
| (१) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (२) योजना शाखा प्रमुख | सदस्य |
| (३) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (४) गाउँपालिकाको इन्जनियिर | सदस्य |
| (५) राजस्व शाखा प्रमुख | सदस्य-सचिव |

४. **कार्यविधिको उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

४.१ नदि क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन/संकलन तथा ओसार पसार गर्दा प्ररम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यावन्यन गर्ने ।

४.२ नदिजन्य र ओसारपसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने ।

४.३ नदिजन्य पदार्थको अधिक दोहन हुनबाट रोकि दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपुर्ति गर्ने प्रवन्ध मिलाउने ।

४.४ नदिजन्य आसपासका वस्ति तथा खेति योग्य जमिन जैविक विविधताको संरक्षण गर्ने गराउने ।

४.५ खानीजन्य तथा नदिजन्य उत्पादनको व्यवस्थापन गरि त्यस बाट प्राप्त हुने राजश्व जलाधार क्षेत्र नदि कोरीडोर क्षेत्र वस्ती संरक्षण तथा अन्य महत्वपुर्ण विकासमा सहि सदुपयोग गर्ने गराउने ।

४.६ सार्वजनिक/निजी विकास निर्माणका लागि आवश्यक पर्ने नदिजन्य पदार्थको अभाव हुन नदिने ।

**५. कार्यविधिको क्षेत्रः** यो कार्यविधि गाउँपलिका क्षेत्रका निम्न क्षेत्र भित्र मात्र लागु हुनेछ ।

५.१ गाउँपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन/संकलन र विक्रि वितरण गर्न IEE प्रतिवेदनले स्विकृत गरेका क्षेत्रहरु ।

५.२ गाउँपालिका क्षेत्रभित्र रहेका वनक्षेत्र भित्र रहेका नदि प्रणालीहरुबाट जिल्ला वन कार्यालयको समन्वयमा नदिजन्य पदार्थ उत्खनन र विक्रि वितरण गर्न सम्वन्धीत निकाय द्वारा स्वीकृत प्रतिवेदन स्वीकृत गरेको क्षेत्र ।

५.३ गाउँपालिका क्षेत्र भित्र रहेका नदि खहरेमा नदिजन्य पदार्थ थुप्रन गइ सोको कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

५.४ गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न निजि जग्गा धनिले आफ्ना जग्गाबाट नदिजन्य पदार्थ उत्खनन गरि हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र

५.५. गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन गरि नदिजन्य पदार्थ निकाल्न सम्वन्धीत

निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र

**५.६** गाउँपालिका क्षेत्र भित्रका कृषकले निजि जग्गालाई खेतियोग्य बनाउन माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म संचालन गर्दा निस्कने नदिजन्य पदार्थ उत्खनन गरि उक्त स्थलबाट त्यसलाई हटाइ अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

६. **उत्खनन विधिः** यस कार्यविधि बमोजिम उत्खनन गर्दा उत्खनन कर्ताले ठेक्का भएका वखत ठेकदार र ठेक्का नलागेका वखत उपभोक्ता स्वयम देहायको शर्त पालाना गर्नुपर्ने छ ।

६.१ नदिजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्वन्धित गाउँपालिकाका प्रतिनिधि, जनप्रतिनिधि र स्थानीय वासिन्दा समेचको रोहवरमा IEE प्रतिवेदनका आधारमा घाटको चारकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराइ समेत जानकारी गराइ सिमाङकन गर्नु पर्ने छ ।

६.२ उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाच गर्न मिल्ने गरि निशाना लगाइ निर्धारित परिमाण भन्दा वढि उत्खनन गर्न नपाउने साध किल्ला र निशानाका आधारमा परिमाण एकिन गरेपछि मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सिमा भित्रबाट मात्र उत्खननकर्ताले नदिजन्य पदार्थ उत्खनन गरि लैजान सक्ने ।

६.३ खोलाको सतह वढन गइ वस्ती संरक्षणको कार्य गर्नुपर्ने आवश्यक भएको अवस्थामा वाहेक असार देखि भाद्र सम्म खानीजन्य र नदिजन्य पदार्थको उत्खनन गरिने छैन ।

६.४ गाउँपालिकाले यस कार्यविधि बमोजिम नदिजन्य पदार्थको उत्खनन संकलन तथा ओसार पसार गर्न अनुमती दिँदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

६.४ नदिजन्य पदार्थ उत्खनन गर्दा गाउँपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङकन गरिएको क्षेत्र भित्रको सिमाबाट मात्र आवश्यक प्रविधिको प्रयोग गरि निकाल्ने ।

६.५ उत्खनन गर्दा भारी यान्त्रीक उपकरण प्रयोग सम्वन्धमा IEE प्रतिवेदनमा उल्लेख भएको हकमा सोहि बमोजिम र अन्यको हकमा गाउँपालिकाको निर्णय बमोजिम गर्ने ।

६.६ नदिजन्य पदार्थ उत्खननको कार्य विहान सूर्योदय पश्चात प्रारम्भ गरि साँझ सूर्यास्तसम्म मात्र गर्ने ।

६.७ उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण गाउँपालिकाको सहमतिको आधारमा गर्ने उत्खननका लागि कुनै यान्त्रीक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधिको अनुसुचि ३ बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदिमा प्रवेश गर्न दिने ।

६.८ परिमाण नियन्त्रणका लागी दैनिक पटके उत्खनन अभिलेख खाता निश्चित ढाँचामा उत्खनन स्थलमा राख्ने ।

६.९ उत्खनन गरि सकेपछि छनौट गरि छाडिएको काम नलाग्ने वस्तु जुन स्थलबाट निकालिएको हो सोहि स्थलमा लगी छाड्नु पर्ने छ, उत्खनन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई उत्खनन गर्नुपर्ने छ । नदिको पानीको मौजुदा वहाव क्षेत्र परिवर्तन गर्न पाइने छैन । तर नापी नक्सा बमोजिम नदिको क्षेत्र परिवर्तन गरि निजि जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा प्राविधिक समितिको निर्णयानुसार नदिलाई

आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

६.१० उत्खनन कार्यमा खटिने ठेकदारले IEE का शर्तका अलावा ठेक्का शर्त र गाउँपालिकाले वेला वेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

६.११ उत्खनन स्थलमा अनुमती प्राप्त तोकिए बमोजिमका ढुवानी साधन वाहेक अन्य साधान प्रवेशमा रोक लगाउँने ।

६.१२ उत्खनन सम्वन्धि IEE का सवै शर्त पालना गर्नुपर्ने छ ।

६.१३ उत्खनन गर्दा निस्कने मानिसले उचाल्न नसकी मेशिनले उचाल्नु पर्ने ठुला ढुंगाहरुलाई विचबाट निकाली डयामको रुपमा किनारामा राख्नुपर्नेछ ।

६.१४ उत्खनन स्थलमा अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन वाहेक अन्य साधन प्रवेशमा रोक लगाउँने ।

६.१५ उत्खनन स्थलमा काम गर्ने कामदारका लागि नलीनाला क्षेत्रलाई प्रदुषित हुन नदिन उत्खनन् स्थालमा काम गर्ने कामदारका लागि छुट्टै शौचालय निर्माण गर्ने ।

६.१६ उत्खननका लागी पहिचान भएको घाट नजिक सवैले देख्ने गरि उत्खनन गरिने परिमाण चारकिल्ला उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरुको जानकारी मुलक सुचना वोर्ड तयार गरि राख्ने ।

६.१७ प्रचलित कानुनमा व्यवस्था भए बमोजिम निजी जग्गाधनीको जग्गाभित्रको ढुङ्गा, माटो, बालुवा वा यस्तै प्रकारको कंक्रिट बिक्री गर्दा अपनाउनु पर्ने प्रक्रियाः

निजी जग्गामा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गरी बिक्री गर्न चाहने जग्गाधनीले नापनक्सा, जग्गाधनी कागजात, सँधियार

जग्गाधनीको सहमति तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ । उक्त जग्गाको प्राविधिक, वातावरणीय र वित्तीय सम्भाव्यता र जोखिम विश्लेषण गरी लम्वाई, चौडाई र गहिराई खोली उपलब्ध हुन सक्ने परिमाण समेत उल्लेख गरी यस कार्यविधिको दफा २(ग) बमोजिमको समितिले गाउँपालिकामा सिफारिस पेस गर्नेछ । निकाल्ने सम्भावना रहेको परिमाणको उत्खनन्, निकासी तथा बिक्री कर अनुसूची-१ बमोजिम गाउँपालिकामा अग्रीम शुल्क बुझाएमा जग्गाधनीलाई निकासी अनुमति दिन सक्नेछ ।

७. **नदिजन्य पदार्थ ओसार पसार गर्ने विधिः** नदिजन्य पदार्थ ओसार पसार तर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ ।

७.१ नदि प्रवेश आदेश लिइ उत्खनन गरिने घाटमा प्रवेश गरि उत्खनन गरि नदिजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर नदि प्रवेश आदेश र राजश्व तिरेको निस्या साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

७.२ नदिजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले नदि प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सवै विवरण स्पष्ट संग भर्न लगाइ लिनु पर्ने छ । पटके आदेशमा उल्लेखित विवरण मिति समय सवारी नं. ढुवानि गरि लैजाने स्थल परिमाण पदार्थ प्रकार आदी अनुसुची ६ बमोजिम हुनेछ ।

७.३ वगर क्षेत्रबाट नदिजन्य पदार्थ ढुवानी गर्दा ट्रक र टिपर, टेक्टरले ढुवानी क्षमताको ७० प्रतिशत मात्र प्रयोग गर्न दिने र सो को अनुगमन नेपाल प्रहरीले गर्न अनुरोध गर्ने ।

७.४ नदिजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधि भर प्रेशर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको प्रवन्ध नेपाल प्रहरीले गर्न अनुरोध गर्ने ।

७.५ नदिजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० किमि प्रति घण्टा भन्दा वढी गतिमा हाक्न पाउने छैन ।

७.६ मुलबाट उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मरमत संभार र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रवन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

७.७ नदिजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधि परिपालन सम्वन्धमा मकवानपुर जिल्लाले प्रभावकारी अनुगमनको प्रवन्ध मिलाउने ।

७.८ उत्खनन गरिएको पदार्थ गन्तव्यस्थल तर्फ लैजादा विद्यालय रहेको गाउँवस्तिको वाटो प्रयोग गर्नु पर्ने भएमा उक्त वाटोहरुमा विद्यार्थहरु आवत जावत गर्ने समय सामान्यतया विहान ९ वजे देखि १० वजे सम्म र दिउसो ४ वजे देखि ५ वजे सम्म ढुवानीका साधनहरु नचलाउने ।

**८. प्रचलित कानुन बमोजिम अनुमति पाएका क्रसर उद्योग व्यवसायको दर्ता, नवीकरण, नियमन तथा नियन्त्रण सम्बन्धी व्यवस्थाः**

८.१ पहिले सञ्चालनमा रहेका क्रसर व्यवसाय दर्ताका लागि गाउँपालिकाले १५ दिने सूचना जारी गर्नेछ ।

८.२ राक्सिराङ्ग गाउँपालिका क्षेत्र लगायत जिल्ला भित्र वा वाह्य जिल्लाका स्थानीय सरकारको क्षेत्रमा प्रशोधनपछि निकासी बिक्री गर्दा गाउँपालिकाको आर्थिक ऐन र प्रदेश सरकारद्वारा

निर्धारित दररेट बमोजिम राजश्व अग्रीम बुझाउनु पर्नेछ, तर साझा क्षेत्र रहेका अन्य गाउँपालिका/नगरपालिकासंग सहमति गरी तोकिएको राजश्व उठाउन यस व्यवस्थाले बाधा गर्ने छैन ।

८.३ प्रचलित कानुन बमोजिम क्रसर उद्योग व्यवसायको आधिकारिक व्यक्तिले (खोला र राजमार्गभन्दा ५०० मिटर टाढा र संवेदनशील तोकिएको संस्था, वस्ती वा वनभन्दा २ कि.मि. टाढा राख्नुपर्ने, राष्ट्रिय मापदण्ड बमोजिम स्थानान्तरण गर्नु पर्ने सर्त बढीमा १-३ वर्षभित्र पालना गर्नुपर्ने गरी करारनामा पत्रमा लेखेर हस्ताक्षर गर्नु पर्नेछ । यसको करारनामाको नमूना अनुसूची-२ बमोजिम हुनेछ ।

८.४ गाउँपालिकाको अनुगमन समितिले जुनसुकै समयमा क्रसर उद्योगको अनुगमन गर्न सक्नेछ । प्रत्येक महिनाको ७ गतेभित्र गाउँपालिकाबाट खटिएको कर्मचारी वा प्राविधिक समितिले क्रसर भित्रको प्रशोधित नदीजन्य पदार्थ र कच्चा पदार्थ समेत मौज्दात नापगरी प्रमाणित गर्नेछ । सो प्रमाणित गराउनु सम्वन्धित क्रसर उद्योगको कर्तव्य हुनेछ । क्रसर उद्योगमा खरिद बिक्री खाताको अभिलेख राखिएको हुनुपर्नेछ । निकासी बिक्री कर सङ्कलन हिसाव दुरुस्त भए नभएको सम्बन्धमा गाउँपालिकाको राजस्व शाखाबाट तथा प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी खटाउन सक्नेछ । त्यसरी खटाइएको कर्मचारीलाई सहयोग गर्नु क्रसर उद्योगको कर्तव्य हुनेछ । यस्ता सर्त पालना नगर्ने क्रसर उद्योगहरुलाई ७ दिनभित्र स्पष्टीकरण पेस गर्न लगाउनेछ । प्रतिक्रिया राजस्व अपचलन गर्ने, वातावरण विनासमा ध्यान नदिने लगायत

तोकिएको सर्त पालना गर्नमा अनुकूल हुने मनसाय नदेखिएको भए निलम्वन गरी त्यस्तो क्रसर उद्योग अनुगमन समितिले बन्द गर्न गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ । गाउँ कार्यपालिकाको राय लिई त्यस्तो उद्योग गाउँपालिका अध्यक्षबाट वन्द गर्न सक्नेछन । तर अनुगमन समितिको कामकारवाही चित्त बुझ्दो र स्वच्छ तरिकाले भएको नपाइएमा गाउँपालिका अध्यक्षले स्पष्टीकरण लिदा मनासिव नदेखिएमा त्यस्तो उद्योगको काम कारवाही निलम्वन गर्न सक्नेछ ।

८.५ नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र प्रशोधन गर्ने व्यक्ति वा निकाय वा फर्म वा त्यस्ता उद्योगहरुले खोलाहरुमा नदीको वहाव परिवर्तन गर्ने, पानी धमिल्याउने, जलभित्र रहने जीवहरुको वासस्थान खलवल्याउने र पानीभित्र गएर कुनै पनि सामाग्रीहरु उत्खनन् र सङ्कलन गर्न पाइने छैन । त्यस्ता उद्योगहरुले वर्षायामभित्र सङ्घीय र प्रदेश सरकारले तोकेका महिनाहरु वा प्रारम्भिक वातावरणीय प्रतिवेदनबाट निषेध गरिएका महिनाहरुमा खोलाहरुमा प्रवेश गरी उत्खनन् र सङ्कलन गर्न पाइने छैन । अनुमति वेगर नतोकिएको क्षेत्र वा निषेधित समयमा खोलामा प्रवेश गरेमा प्रति पटक ट्र्याक्टरलाई रु. ५,०००।- र प्रति जे.सि.वि./एक्साभेटर प्रति पटक क्रमशः रु. १५,०००।- र रु. ३५,०००।- जरिवाना लिईनेछ ।

८.६ विक्रम सम्बत २०७५ आषाढ मसान्तसम्म जिल्ला समन्वय समिति मकवानपुरबाट अनुमति पाई वा स्विकृत IEE बमोजिम संकलन भई यस गाउँपालिका क्षेत्रभित्र भण्डारण भईरहेका नदिजन्य पदार्थको मौज्दात २०७५ फाल्गुण मसान्त सम्ममा

प्राविधिक समितिबाट प्रमाणित गराई सोको जानकारी जिल्ला अनुगमन समितिमा उपलब्ध गराइनेछ र उक्त मौज्दादमा प्रदेश सरकारबाट तोकिएको दररेटमा राजश्व संकलन गर्ने र सो प्रयोजनका लागि स्थानीय उद्योगहरुलाई पत्राचार गरिनेछ ।

९. **जोखिम क्षेत्र निर्धारणः**

स्वीकृत प्रतिवेदन अनुसार मात्र नदीजन्य पदार्थको उत्खनन् गर्नु पर्नेछ । नदीजन्य प्रदार्थको उत्खनन् जोखिमयुक्त क्षेत्रमा गरिनेछैन र उत्खनन् पछि जमिनलाई यथा स्थितिमा राख्न निक्लीएको वोल्डरहरु साइटमा संरक्षण गर्ने कार्यमा प्रयोग गर्ने । जोखिम न्यूनीकरण गर्न तत्काल नदीजन्य पदार्थ हटाउनु पर्ने प्राविधिक प्रतिवेदन प्राप्त भए गाउँ कार्यपालिकाको निर्णयले उत्खनन् गर्न सकिनेछ ।

१० **उत्खनन परिमाण नियन्त्रण विधिः** उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा वढि उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ ।

१०.१ गाउँपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रहि उत्खनन आदेश दिनु पुर्व प्राविधिक नाप जाच तथा रेखाङकन आधारमा पहिलो पटक उत्खनन लाईन दिइनेछ ।

१०.२ यस बमोजिम उत्खनन भै निकासि भएको स्थलमा कम्तिमा १५ दिनमा एक पटक गाउँपालिकाले अनुगमन गर्ने ।

१३.३ दैनिक उत्खनन गरिएको पदार्थको कार्यविधिमा भए बमोजिमको ढाचामा दैनिक उत्खनन अभिलेख राख्ने ।

१०.४ कार्यविधिमा भए बमोजिमको ढाचामा दैनिक उत्खनन तेरिज तयार गरि गाउँपालिका पठाउने र गाउँपालिकाले सो को अभिलेख राख्ने ।

१०.५ प्रचलित कानुनले तोकेको सडकको भारवहन क्षमता अनुसार सवारी साधनको भार नियमित गर्न गाउँपालिकाले आवश्यक विधि अपनाउन सक्नेछ ।

**११. अनुगमन सम्वन्धी व्यवस्थाः** IEE प्रतिवेदनका शर्तहरुको परिपालन उत्खनन परिमाणका नियन्त्रण राजस्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन संयन्त्र परिचालन गर्नु पर्ने ।

११.१ जिल्ला समन्वय समिति प्रमुख रहेको नेपाल सरकार द्धारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदिजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा जुनसुकै वेला अनुगमन गरि निर्देशन दिन सक्नेछ ।

११.२ नदिजन्य पदार्थ उत्खनन तथा ओसार पसारको कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधि बमोजिम भए नभएको नियमित अनुगमन गर्न गाउँ कार्यपालिकाले गाउँ स्तरिय अनुगमन समिति र प्राविधिक समितिले अनुगमन गर्न सक्नेछ ।

११.३ प्रहरी बाट अनुगमनः उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिचालन उत्खनन/संकलन परिमाणको नियन्त्रण राजस्व चुहावट तथा चोरि नियन्त्रण जस्ता कार्यको नेपाल

प्रहरीबाट जुनसुकै वेला अनुगमन गर्न सक्ने गरि परिचालन गर्ने ।

११.४ गाउँपालिकाद्धारा अनुगमनः उत्खनन /संकलन तथा ओसार पसारका शर्तहरुको परिचालन उत्खनन परिमाणको नियन्त्रण राजस्व चुहावट तथा चोरि निकासि नियन्त्रण लगायतका कार्यहरुको अनुगमन गर्न गाउँपालिकाले अनुगमन समिति गठन गर्ने ।

११.५ अनुगमनको कार्यसुचिः माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदिजन्य पदार्थको उत्खनन तथा ओसारपसारका लागि प्रचलित कानुन व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधिमा गरिएको प्रावधानहरुको परिपालन भए नएएको निषेधित क्षेत्रमा चोरि उत्खनन नियन्त्रण अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण नदिजन्य पदार्थका राजस्व चोरी गरि हुन सक्ने ओसार पसार अनुमान वेगर भारी यान्त्रिक औजारको प्रयोग गरि गरिने उत्खनन लगाएतका विषयमा अनुगमन गरि शर्त उल्लंघन गर्ने उपर कारवाहि गर्न गाउँ कार्यापालिकामा प्रतिवेदन दिन सक्ने ।

११.६ अनुगमन कार्यमा लाग्ने खर्चको लागि गाउँपालिकाकाले आवश्यक अनुसार व्यवस्था गर्ने ।

११.७ अनुगमनका क्रममा शर्त उल्लघन गरेको राजस्व चोरी गरि उत्खनन/संकलन तथा ओसार पसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई प्रदेश कानुन वा गाउँपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ ।

## १२. विविध

१२.१ नियमनकारी निकायका बीचको आवश्यक समन्वय गाउँपालिकाले गर्नेछ ।

**१२.२ परिमाण तोक्न सक्नेः**

गाउँ क्षेत्रभित्रका भुकम्प पीडित व्यक्तिहरुको निर्माण हुने संरचना, गाउँ क्षेत्रभित्र सञ्चालित आयोजनाहरु एवं आम गाउँवासीको निर्माणाधीन स्वीकृत संरचनाको लगत तयार गरी वार्षिक आवश्यकताको अनुमानित परिमाण आङ्कलन गरी पूर्व वर्षहरुमा सञ्चालित ठूला गौरवका आयोजना (Mega Projects) समेतको आधारमा वार्षिक उत्खनन् गर्नुपर्ने परिमाण निर्धारण गरी सोही आधारमा वार्षिक उत्खनन्को परिमाण गाउँपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको परिमाणमा थप गर्नु परेमा सोको उचित कारण/आधारहरु सहित आवेदन गर्नुपर्नेछ ।

**१२.३ सामाजिक सामुदायिक कामका सम्वन्धमाः**

गाउँपालिका वा वडा समितिले क्रसर वा उद्योग वा उत्खनन प्रभावित क्षेत्रमा आवश्यक वातावरण संरक्षण सामाजिक सामुदायिक तथा विकाश निर्माणका काममा क्रसर उद्योग तथा अन्य उद्योगले सहयोग पुऱ्याउनु पर्ने छ ।यसको समन्वय गाउँपालिकाले गर्नेछ ।

१२.४ नदिजन्य पदार्थ उत्खनन गरिने स्थलमा कार्यविधिमा तोकिएको बमोजिमको सुचना वोर्ड राखि सरोकारवाला सवैलाई जानकारी दिनु पर्ने ।

१२.५ यो कार्यविधिलाई गाउँपालिकाले आवश्यकता बमोजिम वेला वेलामा संशोधन गरी लागु गर्न सक्ने ।

१२.६ यस कार्यविधिमा उल्लेखित प्रावधनहरु यसै बमोजिम हुनेछ । त्यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन वा नियमावलिको प्रावाधानसंग वाझिएको हदसम्म ऐन वा नियमावली बमोजिम हुनेछन । यस कार्याविधिमा नपरेका सम्वन्धित विषयहरु सम्वन्धीत ऐन नियमावलि बमोजिम हुनेछन ।

१२.७ यस कार्यविधिका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकारि गाउँ कार्यपालिकामा निहित रहने छ ।

# अनुसूची-१

यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका वा सञ्चालन हुने नदीजन्य पदार्थसंग सम्बन्धित उद्योगहरुको दर्ता, नवीकरण, नामसारी, उत्खनन् सम्बन्धी शुल्कको दर देहाय बमोजिम हुनेछः

| सि.नं. | विवरण | शुल्कको दर रु. |
|---|---|---|
| १ | ठुला क्रसर उद्योग दर्ता | १,००,०००/०० |
| २ | ठुला क्रसर उद्योग नवीकरण | २५,०००/०० |
| ३ | बालुवा धुने उद्योग, प्रशोधन केन्द्र (साना क्रसर उद्योग) दर्ता | ५०,०००/०० |
| ४ | बालुवा धुने उद्योग, प्रशोधन केन्द्र (साना क्रसर उद्योग) नवीकरण | १०,०००/०० |
| ५ | नामसारी | ३०,०००/०० |
| ६ | ठाउँसारी | ३०,०००/०० |

# अनुसूची-२

## क्रसर उद्योगको इजाजत-पत्र, करारनामा एवम् सर्तसम्वन्धी नमूना

क्रसर उद्योगहरुले राष्ट्रिय मापदण्ड (सङ्घीय सरकारले तोकेको) हालसम्म पालन गरी क्रसर सम्वन्धी क्रियाकलाप सञ्चालन नभएकाले राक्सिराङ्ग गाउँपालिकामा दर्ता भई व्यवसाय गर्न चाहने क्रसर उद्योगको सञ्चालकले उक्त मापण्दड पालना गर्ने समयावधि सम्वन्धी सर्तनामा यस प्रकार छ ।

म ...................... क्रसर उद्योगको सञ्चालक श्री ........................... ले तपसिल बमोजिमको सङ्घीय, प्रदेश र स्थानीय सरकारको तर्फबाट हालसम्म जारी भएका तपसिल बमोजिमका सर्तहरु दर्ता भएदेखि निरन्तर प्रयास गर्दै ............ वर्षभित्र मापदण्ड बमोजिम स्थानान्तरण भई व्यवस्थित रुपमा सञ्चालन गर्नेछु, अन्यथा कानुन बमोजिम हुने कुरामा मन्जुर छु ।

**सर्तहरु**

१. गाउँपालिका र सम्बन्धित निकायबाट भएका IEE, EIA र प्राविधिक प्रतिवेदन अनुसार नदीजन्य पदार्थको निकासी, बिक्री वितरण गर्न मञ्जुर गर्दछु ।

२. राष्ट्रिय राजमार्ग (सार्वनिक सडक ऐन बमोजिम नेपाल राजपत्र मार्फत तोकेको) क्षेत्राधिकार भन्दा बाहिर गई नदीजन्य पदार्थको उत्खनन्, निकासी, बिक्री वितरण गर्ने छैन ।

३. राष्ट्रिय राजमार्गबाट ५०० मिटर, राष्ट्रिय राजमार्गमा निर्माण भएका पुलबाट ५०० मिटर बाहिर आफ्नो व्यवसाय सञ्चालन गर्नेछु ।

४. सरकारी, सामुदायिक शिक्षण संस्था, स्वास्थ्य संस्था, सुरक्षा निकायको स्थायी कार्यालय, वन, निकुञ्ज, आरक्षको संरक्षित क्षेत्र लगायतका स्थानबाट ५०० मिटर बाहिर मात्र उद्योग व्यवसाय सञ्चालन गर्न मञ्जुर गर्दछु ।

५. राष्ट्रिय स्तरमा पहिचान कायम भएको भनी पुरातत्व विभागले यकिन गरिदिएको धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वको स्थान, गाउँपालिकाको केन्द्र तथा ५०० घरधुरी प्रति वर्ग कि.मि.को केन्द्रित बसोबास रहेको क्षेत्र, अन्तराष्ट्रिय सीमा लगायतको क्षेत्रभन्दा १००० मिटर बाहिर गई आफ्नो व्यवसाय सञ्चालन गर्नेछु ।

६. नेपाल विद्युत प्राधिकरणको मापदण्ड अनुसार तथा धुलो र आवाज पूर्णरुपमा नियन्त्रणका लागि व्यवस्थित सेड र प्रविधि राखी व्यवसाय सञ्चालन गर्नेछु ।

७. उद्योगमा बालश्रम पूर्ण रुपमा निषेध गर्दै श्रमिकहरुको न्यूनतम ज्याला तोकी कामदारहरुलाई समय समयमा तालिमको व्यवस्था गर्नेछु ।

८. उद्योगको कच्चा पदार्थ, तयारी मालवस्तु तथा मेसिनरी औजारहरु आफ्नो क्षेत्रभित्र कम्पाउण्ड वा तारवार लगाई सुरक्षित रुपमा राखी व्यवसाय सञ्चालन गर्न मञ्जुर गर्दछु ।

९. उद्योगले अनिवार्य रुपमा आफ्नो कारोवारको यथार्थ विवरण मासिक रुपमा सार्वजनिक गरी स्थानीय तहमा पेस गर्नुपर्नेछ

साथै उद्योगमा स्थानीयलाई कम्तीमा पचास प्रतिशत रोजगारी प्रदान गर्न मञ्जुर गर्दछु ।

१०. बार्षिक रुपमा उद्योगको मुनाफाको न्यूनतम हिस्सा स्थानीय स्तरको स्वास्थ्य, शिक्षा र क्षमता विकास जस्ता सामाजिक क्षेत्रको दायित्व निर्वाह गर्नेछु ।

११. कामदारको विमा गरी हेलमेट, टोपी, पञ्जा जस्ता सुरक्षाका उपकरणहरु अनिवार्य रुपमा प्रयोग गर्दै उद्योगको विस्तृत विवरण खुल्ने होडिङ्गबोर्ड देखिनेगरी उद्योगको प्रवेश स्थलमा राख्नेछु ।

१२. नदीमा धमिलो पानी मिसाउन नपाउने व्यवस्था मिलाउन अनिवार्य रुपमा तीन तहको पानी शुद्धीकरण गर्ने पोखरीको व्यवस्था गर्न मञ्जुर गर्दछु ।

१३. सामान्यतया उद्योग विहान ७ बजे अगाडि र बेलुकी ६ बजे पछाडि सञ्चालन गर्ने छैन साथै अन्य सुधारका मापदण्डहरु स्थानीय तहले समय समयमा दिएको निर्देशानुसार पालना गर्नेछु ।

१४. उक्त माथि उल्लेखित सर्तहरु पालना गरेको सम्बन्धमा ६/६ महिनामा भएको प्रगति विवरण गाउँपालिकामा उपलब्ध गराउन मञ्जुर गर्दछु ।

**कबुलियत गर्नेको सहीछाप**

## अनुसूची-३

# नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरण सम्बन्धी इजाजत र सम्झौता-पत्रको

लिखितम.................. नाती.................. छोरा............. जिल्ला................म./उम./न.पा./गापा वार्ड नं....... स्थायी घर भई हाल म./उम./न.पा./गापा वडा नं......... मा वसोवास गर्दै आएको वर्ष......... को...................आगे तपसिल वमोजिमको सर्तमा तपसिल वमोजिको क्षेत्रमा.................. ठेक्का वन्दोवस्त गर्ने गरी यस.....................प्रकाशित गरिएको मिति.......................... को ठेक्का नं................ढुङ्गा, गिट्टी, र वालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाई समेतले दिनु भएको वोलपत्रको व्यहोरा पेश हुँदा आ.व............. रु.....................(मु.अ.कर वाहेक) मा ठेक्का दिने गरी तपाईसंग ठेक्का संझौता गर्न मिति.......................... मा यस .......................... निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका सर्त बमोजिमका स्रोतवाट तपसिल बमोजिमका क्षेत्रमा राक्सिराङ्ग गाउँपालीकाको तर्फवाट आय सङ्कलन गर्ने ठेक्काको संझौता गर्न मञ्जुरी भै आउनु भएको हो होइन भनी आज मलाई यस राक्सिराङ्ग गाउँपालिकावाट सोधनी हुँदा मेरो चित्त वुझ्यो । यसमा तपसिलमा लेखिएको सर्त बमोजिम कामकाज गरी कवुलियत गर्न मञ्जुरी भई उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको सर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति .......................... गते यस कार्यालयलाई .......................... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. .......................... (मु.अ.कर वाहेक) वुझाई मिति .......................... देखि मिति ..........................सम्म आ.व.......................... का लागि ठेक्का

चलाउने छु । पछि मैले गरेको संझौता तथा कबुलियत उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातवाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसीसंग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा चढाएँ ।

**तपसिल**

(१) तपसिलमा उल्लेख गरिए वमोजिमका क्षेत्रभित्र र सर्तको अधीनमा रही आ.व........... का............. प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. .......।- (मु.अ.कर वाहेक) वुझाई ......................... गते देखि .........................सम्मका लागि प्रचलित कानुनको अधीनमा रही ......................... आय सङ्कलन गर्नेछु ।

(२) उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा कर,सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गरी ......................... लाई अग्रीम एकमुष्ट रकम वुझाएको छु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै ............. प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न ........... वाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर वमोजिम वाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क,वा दैदस्तुर इत्यादि थप गरी लिने छैन र यस ............. वाट प्रमाणित गरिए वाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको स्थानीय तहवाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजाय मलाई मञ्जुर छ ।

मैले यस रकम वापत वुझाउनु पर्ने एकमुष्ट कबोल रकमको ............. प्रतिशत छुट लिई मिति................ गते विभिन्न

चेकहरुवाट रु................. को चेकहरु थान ................ यसैसाथ संलग्न गरेको छु ।

## नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र बिक्री वितरण गर्ने सर्तहरु

१. उपयुक्त स्थललाई घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रवाट विकी वितरण गर्ने कममा उल्लेखित सर्तहरु पालना भए नभएको सम्वन्धमा ................ ढुंगा गिट्टी वालुवा अनुगमन समिति तथा स्थानीय तहले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्वन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्कको साथै उत्खनन्का लागि उल्लेखित परिमाणको आधारमा सेवा शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप................ भ्याट रकम दुई किस्तामा..................प्रतिशतका दरले .............. मसान्त भित्र र ....................... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्ने छ ।

४. यस जिल्लाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश कानुन, स्थानीय सरकारका सम्बन्धीत कानुन, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

५. IEE गरेको क्षेत्रबाट बाहेक अन्य क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरण कार्य गर्न पाइने छैन् ।

६. कर, दस्तुर, शुल्क आदि तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन ।

७. नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानुन वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शूल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई ...................... प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स ( फुकुवापत्र) प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार,........................... गाउँपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तब्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम स्थानीय तहसंग दाबी गर्न पाइने छैन ।

१०. ठेक्काको कर असुल गर्नुपर्ने दर रेटको सूची तालिका र सर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. गाउँपालिकाले निर्देशन दिई कुनै व्यक्ति, संस्था, समितिलाई नदीजन्य पदार्थ उपलब्ध गराउँदा शुल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन् । त्यसरी दस्तुर नलिई छोडेको परिमाण वापतको रकम स्थानीय तहबाट माग गर्न पाउनेछैन ।

१३. तोकिएको म्यादभित्र ठेकेदारले........................गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ............... % का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ ।

१४. एउटा स्थानीय तहले कर असुल गरिसकेको निर्माण सामाग्रीमा पुन: अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन ।

१५. प्रचलित ऐन नियम तथा स्थानीय तह र सम्बन्धित सभाबाट ठेक्काको सर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था वमोजिम समायोजन हुने गरी आपसी सहमतिमा कार्यान्वयन गर्न सकिनेछ ।

१६. ठेक्काको सङ्कलन केन्द्र निम्न अनुसार स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा स्थानीय तहको पूर्व स्विकृति लिएर मात्र राख्न पाईनेछ ।

**सङ्कलन केन्द्र राख्ने स्थान:**

| सि.नं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

१७. निर्माण सामग्रीहरु उत्खनन र सङ्कलन तथा बिक्रि गर्दा राष्ट्रिय गौरवका साथै प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१८. नदीबाट उत्खनन् गरेको परिमाणको लगत प्रत्येक महिनाको ५ गते अनिवार्य रुपले प्रमाणित गरी गाउँपालिकामा बुझाउनु पर्नेछ ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन, अन्यथा नियमानुसार कार्वाही हुनेछ ।

२०. ठेकेदारले यसमा भएका सम्पूर्ण सर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन गाउँपालिकाबाट हुनेछ । यस्तो अनुगमनबाट सर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

२१. खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ ।

२२. निर्माण सामग्रीहरु उत्खनन् गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाइनेछैन ।

२३. खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा नजिक रहेको सडक, वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२४. पुल, कल्भर्ट, कजवे, सडक, वाटो पूर्वाधारबाट दुवैतर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाइनेछैन ।

२५. मुख्य मार्गबाट वोल्डर, ग्राभेल बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने वाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय संग सम्पर्क र समन्वय राखी ठेकेदारले वाटो निर्माण गर्नु पर्नेछ ।

२६ गाउँपालिकाबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाइनेछैन र गाउँपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्न पाइनेछैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानविन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

२७. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपुर्जी जारी गरिएपछि सामान्यतया कुनै किसिमको मिनाहा माफी हुनेछैन ।

२८. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्वि कर रकम उठाउन पाउनेछ ।

२९. सामान्यतया ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन/सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइने छैन, स्विकृत IIE प्रतिबेदनको प्रावधानमा उल्लेख भए बमोजिम हुनेछ ।

३०. चालु आर्थिक वर्षको तोकिएको अवधिभित्र उत्खनन् गरेका निर्माण सामाग्रीहरु जेठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा १ महिना अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ, तर निजी

स्वामीत्व बाहेकका नदी वा नदी किनारामा रहेको सामाग्रीलाई मौज्दात मानिनेछैन ।

३१. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

३२. निर्माण सामाग्री उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३३. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाका लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

३४. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छली माल वा वस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वा वस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३५. स्थानीय तहका लागि प्रयोग हुने नदीजन्य पदार्थको अभाव भई विकास निर्माण कार्य प्रभावित हुने अवस्थाका साथै कुनै स्थानमा थुप्रिएको नदीजन्य पदार्थ नहटाइएमा प्राकृतिक प्रकोप आउन सक्ने भनी जिल्ला दैवी प्रकोप उद्वार समितिवाट निर्णय भई नदीजन्य पदार्थ अनुगमन तथा समन्वय समितिले अनुमोदन गरेमा ठेक्का समाप्त भएको मिति पश्चात निश्चित समयका लागि उत्खनन् तथा बिक्री वितरण कार्य जारी राख्नुपर्ने विशेष परिस्थिति सिर्जना भएमा निश्चित परिमाण, समय र स्थान तोकी चालु ठेक्का

अङ्कको दामासाहीले हुन आउने दस्तुर लिई उत्खनन् एवं सङ्कलन कार्यको बन्दोबस्त गर्न सकिनेछ ।

३६. कार्यालयको तर्फवाट स्वीकृत परिमाण, उत्खनन् योग्य स्थान र संझौताका सर्तहरुको प्रभावकारी नियन्त्रण गर्नका निमित्त अनुगमन, निरीक्षण, भौतिक नियन्त्रण तथा स्थलगत परीक्षण लगायतका प्रकृयाहरु अवलम्वन गर्न सकिनेछ । उक्त कार्यमा सहयोग गर्ने दायित्व ठेकेदारको हुनेछ ।

३७. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ ।

३८. नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण गर्ने क्रममा ठेक्कामा उल्लेख भए वमोजिमको क्षेत्रभित्र सिमित रही उत्खनन् गर्नुपर्नेछ ।

३९. यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानुन, स्थानीय सरकारका कानुन र वातावरणीय परीक्षण प्रतिवेदन र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

# अनुसुचि ४

.......................... गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

..........................................

## गाउँपालिका स्तरीय अनुगमन समिति

त्यस्ता उद्योगहरुको दर्ता, नवीकरण, नामसारी लगायत उत्खनन्, सङ्कलन एवम् निकासी कार्यको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन समिति गठन गरिनेछः

| | |
|---|---|
| (१) गाउँपालिका अध्यक्ष | संयोजक |
| (२) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (४) सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| (५) योजना शाखा प्रमुख | सदस्य |
| (६) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (७) राजस्व शाखा प्रमुख | सदस्य-सचिव |

# अनुसुचि ५

## ........................ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

..........................

## नदि प्रवेश आदेश

........................ गाउँपालिकाको.........................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाटको भएको नदिको नामः समयः
नदि प्रवेश आदेश मितिः प्रदेश आदेश नं.

**नदि प्रवेश आदेश विवरण**

१. नदिजन्य पदार्थ ओसार पसार गरि लैजाने नाकाको नामः
ठेगानाः सम्पर्क फोनं.

२. ओसार पसार नदिजन्य पदार्थको नामः

३. नदिजन्य पदार्थ ढुवानी गरि लैजाने साधनको नामः
सवारी दर्ता नं.

४. निकासि गरि लैजाने नदिजन्य पदार्थको परिमाणः घाफुटः

५. ओसार पसार गरि लैजाने स्थानः

६. निकासि गरि लैजाने नदिजन्य पदार्थको प्रयोजनाः
क. निजि निर्माणः ख. सार्वजनिक निर्माणः
ग. प्रशोधन पछि विक्रिः

नवट यो आदेश विना साधन नदिमा प्रवेश गर्न नदिजन्य पदार्थको ओसार पसार गर्न र नदिजन्य पदार्थ संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाइएमा गाउँपालिकाको निर्णय अनुसारका जरिवना र अन्य प्रचलित कानुन बमोजिम सजाय समेत हुने छ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकदार प्रतिनिधिको नाम थरः
सहिः

अनुसुचि ६

........................ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

........................ मकवानपुर

उत्खनन कताल राख्न नदिजन्य पदार्थको दैनिक उत्खनन अभिलेख

........................ गाउँपालिकाको........................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्वान्वयका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाट भएको नदिको नामः

उत्खनन गरिएको नाका वा घाटको नामः

| सि न | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्खत | अनुगमन कर्ताको दस्खत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुचि ७

........................ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

........................ मकवानपुर

## उत्खनन स्थलमा राख्नु पर्ने सुचना वोर्डको नमुना

........................ गाउँपालिकाको........................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्वान्वयका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नदिजन्य पदार्थ उत्खनन गरिने स्थल

उत्खनन विवरण

१. नदिको नामः
२. घाटको नामः
३. उत्खनन गरिने परिमाण घ.फु.माः
४. उत्खनन कार्यमा प्रयोग हुने साधनः
५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगनाः
६. उत्खनन गर्ने अवधिः मिति २०७५/ / गते बाट उल्लेखित परिमाण निकालञ्जेल वा २०७५ साल.......................... भित्र मध्ये जुन पहिला हुन्छ ।

नवटः सिकायत गुनासो वा थप जानकारीका लागी राक्सिराङ्ग गाउँपालिका राजस्व शाखामा सम्पर्क गरनु हुन ।

# अनुसुचि ८

## ......................... गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## .........................मकवानपुर

### नदिजन्य पदार्थको दैनिक पटके विक्रि अभिलेख तेरिज

..................... गाउँपालिकाको..........................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्वान्वयका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाटमा भएको नदिको नामः

नाका वा घाटको नामः

| सिन | निकासि मिति | पटके विक्रि आदेश नं. | पटके विक्रि भएको परिमाण | वाकि भएको पदार्थ लैजाने सवारि नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः यो फारम उत्खनन स्थलबाट ठेकेदारले पटकै पिच्छे भरि दैनिक पटके आदेशको १ प्रति संलग्न गरि दैनिक रुपमा गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

**आज्ञाले**

**रामकुमार पुडासैनी**

**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १५ मात्र**